# बाँसगढी नगरपालिकाको नवौं नगर सभामा २०७८ असार ९ गते नगर प्रमुख श्रीसालिकराम अधिकारीले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७८/०७९ कोबार्षिक नीति तथा कार्यक्रम

बाँसगढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बाँसगढी, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

**नगरसभा सदस्यज्यू,**

१. नेपालको संविधान, पन्ध्रौ योजना, नेपाल सरकारका क्षेत्रगत नीति तथा कार्यक्रम, नेपाल सरकार, प्रदेश सरकार लुम्विनी प्रदेश, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट प्राप्त बजेट सिमा तथा मार्गदर्शन, स्थानीय आवश्यकता जनचाहनाका साथै सँस्थागत आवश्यकतालाई हृदगयंम गरि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गरि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ अनुरुप यस सम्मानित नगर सभामा पेश गरेको छुँ ।
२. यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रलाई मूर्तरुप दिन आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात, अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्न चाहन्छु। साथै सामाजिक न्याय, समावेशीता, राष्ट्रियता प्रति प्रतिवद्ध भई न्यायपूर्ण समाज निर्माणको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दै सामाजिक रुपान्तरणको क्रममा घाईते, वेपत्ता व्यक्ति तथा परिवारहरुलाई सम्मानका साथ सम्झन चाहन्छु ।
३. कोभिड-१९ माहामारीले सम्पूर्ण विश्व नै असहज र सङ्कटपूर्ण स्थिति बाट गुज्रिरहेको छ। यस महामारीबाट सङ्क्रमित भई नेपाल भित्र तथा विदेशमा ज्यान गुमाउने परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै उपचारतहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।
४. कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दीका कारण मानिसहरुमा त्रास उत्पन्न हुनुका साथै आफ्ना दैनिक कामहरु समेत सम्पादन गर्न अहसज भएको अवस्था छ। यस असहज परिस्थितिलाई सामना गर्दै थप सङ्क्रमण फैलन नदिन र यस महामारीमाथि विजय प्राप्त गर्न अझ बढि सतर्कता अपनाई थप ऐक्यवद्धता, धैर्यता र आत्मविश्वासकासाथ एकढिक्का भएर लाग्न सबैमा आह्वान गर्दछु ।
५. महामारीको जोखिमपूर्ण स्थितिमा अग्रपङ्क्तिमा रहेर सेवा गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सफाईकर्मी, एम्वुलेन्स चालक, पत्रकार, संघसंस्था जनप्रतिनिधि लगायत कर्मचारीहरुको उच्च प्रशंसा गर्दै कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा विभिन्न राहत प्याकेज वितरणका लागि **"बाँसगढी नगरपालिकाको प्रकोप व्यवस्थापन कोष"**मा रकम उपलब्ध गराउनुहुने तथा यस असहज परिस्थितिमा विपन्न परिवारकालागि विविध राहत प्याकेज उपलब्ध गराउनुहुने सबैलाई धन्यवाद दिन चाहन्छु, साथै यस किसिमको सहयोग तथा सहकार्यको निरन्तर अपेक्षा गरेको छु ।
६. नेपालको संघीय शासन प्रणाली नेपाली जनताको लामो त्याग, बलिदान र संघर्षको उपज हो। नेपालको संविधानले प्रत्याभूत गरेको नागरिकको हक, अधिकारको रक्षा, आर्थिक विकास र समृद्धि सहित संविधानको पूर्ण कार्यान्वयन गर्न तथा हाल महामारीको रुपमा देखा परेको कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि बाँसगढी नगरपालिका प्रतिबद्ध रहेको छ ।

**नगरसभा सदस्यज्यूहरु,**

कोभिड १९ को रोकथाम, नियन्त्रण तथा उपचारको विषम परिस्थितिमा चालु आ.ब.मा नगरपालिकाको नीति तथा कार्यक्रममा समावेश भएका कतिपय कार्यक्रम तथा भौतिक पूर्वाधार निर्माणमा आशातित उपलब्धि हासिल गर्न नसकिएको विद्यमान समयमा बर्तमान असहज अवस्थाको बाबजुद पनि आम नगरवासीको सपना साकार पार्न हामी निरन्तर प्रयासरत रहेकै छौ ।

बाँसगढी नगरपालिका नगरवासीको भावना तथा आवश्यकताका आधारमा जीवनस्तर सुधार गर्न तथा विकास र आर्थिक समृद्धिको अपेक्षा पुरा गर्न दृढ संकल्पका साथ अगाडी बढेको छ । कोभिड-१९ को संकटग्रस्त अवस्था, भौतिक संरचनाको अभाव, सिमित स्रोत साधन, संघ तथा प्रदेश सरकारको योजना वर्गिकरण समयमा नहुनु जस्ता विषम परिस्थितिका बाबजुद पनि चालू आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रममा भएका केही महत्वपूर्ण उपलब्धीहरु प्रस्तुत गर्न चाहन्छु ।

७. बाँसगढी नगरपालिकाको प्रशासनिक तथा विविध कामकारबाही सहज सञ्चालन, सुशासन कायम, नागरिकमैत्री शासन व्यवस्था कायम गर्नका लागि हालसम्म **१६** वटा ऐन,४ वटा नियमावली,४० वटा कार्यविधि, मापदण्ड,आचारसंहिता र निर्देशिका जारी भइसकेको छन् भने स्थानीय तहका लागि आवश्यक पर्ने अन्य कानूनहरुको निर्माण प्रक्रिया सञ्चालनमा रहेको छ ।

८. कार्यालयबाट गरिने सेवा प्रवाहलाई थप प्रभावकारी, चुस्त र गुणस्तरयुक्त बनाउन आवश्यक कार्यालयको Lay-out सेवामैत्री गराउने उद्देश्यका साथ सुरु गरिएको प्रशासकीय भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

९. चालु आर्थिक वर्षमा थप ५.२ किलोमिटर सडक कालोपत्रे भइसकेको छ, भने बाँसगढी- बठुवा सडक, गौरीपारा-बढैयाताल सिमाना सडक, सतहरिया-दमौली सडक, हाउपुर सडक, बाँसगढी नगर चक्रपथ लगायत ठुला सडकहरुको कालोपत्रेका लागि वहुवर्षिय खरिद सम्झौता बमोजिम काम भईहेका छन जसमा १४.३५ कि.मी. सडक निर्माण हुनेछ । यस वर्ष १३.४५० कि.मी. सडक ग्राबेल गर्ने लक्ष्य भएकोमा हालसम्म १३.५०० कि.मि. सडक ग्राबेलका योजना फरफारक हुनुका साथै लखना राँझा सडक खण्डको बेलवा राँझा सडक कालोपत्रे तथा चेपाङ्ग भगाह सडक RCC कार्यका लागि बहुवर्षिय आयोजना खरिद सम्झौता भएको छ ।

१०. चालु आर्थिक वर्षमा नगरपालिका वाट पहिलो पटक ठुलो पुलको रुपमा लौटा खोला पुलको निर्माणका लागि विस्तृत अध्ययन प्रतिवेदन बमोजिम ठेक्का बन्दोवस्त भई निर्माणकार्य थालनी हुनुका साथै १२ वटा कल्भर्ट निर्माण गर्ने लक्ष्य रहेकोमा हालसम्म ४ कल्भर्ट सम्पन्न भईसकेका छन्, बाँकी कल्भर्ट सम्पन्न हुने क्रममा छन । साथै खोटे खोलामा झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न भएको छ ।

११. जनता मा.वि. बठुवामा २४ कोठे, जनप्रिय मा.वि. दमौलिमा ८ कोठे भवन निर्माण कार्य सम्पन्न भएको हुनुका साथै पृथ्वि मा.वि. लखनामा ८ कोठे भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । त्यसको अतिरीक्त विद्यालयको भौतिक सुधारका लागि ३१ योजना संचालन भएकोमा १२ वटा सम्पन्न हुनुका साथै बाँकि सम्पन्न हुने चरणमा रहेका छन ।

१२. नगपनलिकामा सामुदायीक भवन, क्याम्पस भवन, हाटवजार, मठ, मन्दिर, बृद्धाश्रम लगायत १९ भवन सम्वन्धि कार्यक्रम संचालन भएकोमा १३ वटा सम्पन्न भईसकेका छन ।

१३. पुस्तकालय व्यवस्थापन, वन्यजन्तुवाट हुने क्षति रोक्नका लागि मेसजालि निर्माण, विद्यालय घेरवार ,शौचालय निर्माण, कच्ची सडक, तटवन्धन , नाली निर्माण, खानेपानि ICT लगायतका १४५ योजना संचालन भएकोमा ५९ सम्पन्न हुनुका साथै बाँकि सम्पन्न हुने चरणमा रहेका छन ।

१४. बाँसगढी नगपालिका विभिन्न स्थानहरुमा हुने बाढी डुवान नियन्त्रणकाका लागि रेहु खोला तटबन्धन, मुर्गिया नाला तटबन्धन, झर्नैया खोला तटबन्धन, ग्याङ्ग नदी तटबन्धन कार्य

सञ्चालनमा रहेका छन् । चालु आर्थिक वर्षको नीति अनुरुप ताल संरक्षण, पिकनिक स्पोर्ट निर्माणमा निरन्तरताकासाथ कार्य सञ्चालन भएको छ साथै बालउद्यान निर्माण कार्यको सुरुवात गरिएको छ ।

१५. नगरवासीहरुका लागि शुद्ध खानेपानी व्यवस्था गर्न तथा खानेपानीलाई शुद्धिकरण गर्नका लागि कार्य सञ्चालन गरिएको छ । नागरिकको शुद्ध खानेपानीको पहुँचलाई सुनिश्चित गर्न विपन्न नगरवासीलाई निशुल्क तथा  लक्षित समुहलाई छुट सुविधामा बायोस्यान्ड फिल्टर उपलब्ध गराईनुका साथै खानेपानीको सहज पहुँचका लागि **"एक वडा-एक ओभरहेड ट्याङ्की"** निर्माण कार्य सञ्चालन भई रहेको छ ।

१६. नगरका करिब ७५४१ जना सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको तथ्यांक संकलन गरी करिव २५०० जनाको अनलाईन प्रवृष्टि गरी पूर्जा निर्माणको चरणमा रहेको छ र बाँकि लाई आगामी आर्थिक वर्षमा पुर्जा दिनेगरि कार्य भईरहेको छ ।

१७. **बाँसगढी नगरपालिकाको प्रत्यक्ष सहभागितामा पशु बिमा कार्यक्रम** सञ्चालनलाई निरन्तरता दिइएको छ । चालु आर्थिक वर्षमा यस नगरपालिकाका कृषकहरुको २६१४ वटा पशुको विमा गरिएको छ । पशुबिमा कार्यक्रमबाट पशुपालक कृषकहरुलाई पशु बिमा वापतको प्रिमियमको आर्थिक बोझ कम हुनुका साथै बिमा रकमको उपलब्धताका लागि सहजता भएको छ ।

**१८.** दुध उत्पादन बृद्धि गर्न गाई प्रबद्धन कार्यक्रम अर्न्तगत ५० वटा नयाँ उन्नत नश्लका दुधालु गाई भित्र्याई  दैनिक थप ७५० लिटर दुध उत्पादन गर्ने लक्ष राखीएको छ भने बंगुर पालनलाई व्यवसायिक वनाउनको लागि ५ वटा समुह गठन गरि २०० वटा बंगुर पालनवाट बंगुर पकेट कार्यक्रम संचालन भईरहेको छ, पशुधनको सुरक्षार्थ २६६ जना कृषकलाई रु २००० का दरले गाई भैंसीको सुत्केरी पोषण भत्ता वितरण गरिएको छ ।

१९. पशुपालक कृषकहरुलाई घाँसको सहज पहुँचका लागि चालु आर्थिक वर्षमा ४,०००। के.जि. घाँसको बिउ वितरण गरिएको छ, माछापालक कृषकका लागि २,००,०००। माछाका भुरा वितरण गरिएको छ ।

२०. मासुमा आत्मनिर्भर तथा कृषक प्रोत्साहन गर्ने उद्देश्यले बाँसगढी नगरपालिकाका ३ वटा सहकारीमार्फत वार्षिक १०० के.जी. भन्दा माथि खसी विक्रि वापत प्रति के.जी. रु २० का दरले प्रोत्साहन अनुदान वितरण गरिएको छ जसवाट नगरपालिकाका ५०५ जना पशुपालक लाभान्वित भएका छन् ।

२१. कृषक तथा सहकारी सँगको साझदारी कार्यक्रम अर्न्तगत गोठ सुधार, खोर सुधार, विदेशवाट फर्केका तथा लक्षित वर्गका युवाहरुलाई व्यवसायिक पशुपालन प्रबद्धन कार्यक्रम, विद्युतिय चारा मेसीन, हातेचारा मेसीन कार्यक्रम अर्न्तगत २९३ कृषकलाई कृषिको विविधिकरण, व्यवसायिकरण र आधुनिकिकरणका लागि अनुदान प्रदान गरिएको छ ।

२२. खाद्यान्न बालीमा जनताको सहज पहुँच स्थापित गरि आय आर्जन वृद्धि गराउनका लागि चालु आर्थिक वर्षमा मसला  वालीतर्फ प्याजको बिउ ९६ के.जी., दलहन वालीतर्फ मसुरोको बिउ १,५०० कि.लो., ४४,४००।० के.जी. धान तथा गहुँको बिउ ५० प्रतिशत अनुदानमा वितरण गरिएको छ । नगरपालिकाको ७५ प्रतिशत अनुदानमा १५ वटा नविनतम् प्रविधियुक्त स्थायी टनेल निर्माण गरिएको छ साथै कृषि यान्त्रिकरणका लागि ५० प्रतिशत अनुदानमा ४१ थान

पावर टेलर, पम्पसेट लगायतका औजारहरु वितरण गरिएको छ । कृषकहरुको बाली संरक्षणका लागि निःशुल्क कृषि बाली बिमा कार्यक्रमको सुरुवात गरिएको छ ।

२३. बाँसगढी नगरपालिकाका कृषकहरुको मागलाई ध्यानमा राखी सहकारीको माध्यमबाट उन्नत बिउ उत्पादन, जैविक मल उत्पादन तथा पशुपन्छी आहारा उत्पादनका लागि अनुदान प्रदान गरिएको छ ।

२४. दुध तथा दुधजन्य पदार्थ, माछा, मासु, धानको बिउमा आत्मनिर्भर नगरपालिका बनेको छ ।

२५. लघुउद्यम विकास कार्यक्रम अर्न्तगत आर्थिक, सामाजिक रुपले पछाडी परेका ९० जना व्यक्तिहरुलाई सिलाई कटाई, गुडिया तथा कुसन वनाउने, बुटिक निर्माण, बाखा पालन, कुखुरा पालन, बंगुर पालन लगायतका तालिम कार्यक्रम मार्फत परम्परागत सिपलाई व्यवसायिक वनाँउदै जिवनस्तरमा सुधार ल्याईएको छ ।

२६. आगलागीजन्य विपदको नियन्त्रण, न्युनिकरण तथा समयमै व्यबस्थापनको लागि बढैयाताल गाँउपालिकासँगको संयुक्त लगानीमा बाँसगढी नगरपालिका मार्फत संचालन तथा व्यवस्थापन हुने गरी दमकल खरिद गरि संचालनमा ल्याईएको छ ।

२७. बाँसगढी नगरपालिकाद्धारा नै सिक्कल सेल एनिमिया परिक्षणका लागि मेसिन खरिद, परीक्षण र रोग निदानका लागि आवश्यक सामाग्री तथा जनशक्तिको व्यवस्था गरिएको छ । VIA Test, Folic Acid वितरण कार्यको सुरुवात गरिएको छ । खोप केन्द्रलाई जनताको सहज पहुँचका लागि उत्तरभकारी, राँझा, दमौली, चौधरीपुर लगायत विभिन्न स्थानमा खोप केन्द्र निर्माण कार्य सम्पन्न गरिएको छ ।

२८. स्वास्थ्य तर्फ सबै वडामा आधारभुत स्वास्थ्य केन्द्र भवन सम्पन्न भई संचालन हुनुका साथै वेलवा स्वास्थ्य चौकिमा आवास सहितको वर्थिंग सेन्टर संचालनमा आएको छ । संघीय तथा प्रदेश सरकारको साझेदारीमा २५ शैयाको नगर स्तरीय अस्पताल निर्माणको थालनी गरिएको छ ।

२९. चालु आर्थिक वर्षमा प्रत्येक वडा कार्यालयबाट पूर्ण रुपमा अनलाइन मार्फत राजश्व संकलन, घटनादर्ता विद्युतिय प्रणालि तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्य बैकिंङ प्रणालिवाट सञ्चालन गरि Paperless Governance को सूरुवात गरिएको छ ।

३०. सिमित स्रोत साधनबाट नगरवासीहरुको सम्पूर्ण आकांक्षालाई एकैपटक सम्बोधन गर्न नसकिएको अवस्थामा कोभिड-१९ को चुनौतिको सामना गर्नुपरेको छ । यस महामारीको सामना कहिलेसम्म गर्नुपर्ने हो भन्ने यकिन समेत नभएको अवस्थामा नीति तथा कार्यक्रमको स्वरुप परिवर्तन स्वभाविक रुपमा हुन सक्नेछ । यस बखत कोभिड-१९ को संकटलाई पराजित गर्न मानवजाति सफल हुनेछ, जनजीवन सामान्य अवस्थामा फर्किने छ, उत्पादन तथा आर्थिक क्षेत्र पुनरुत्थान हुँदै आफ्नो लयमा आउनेछ भन्ने विश्वासका आधारमा यस नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

अब बाँसगढी नगरपालिकालाई सुन्दर, समृद्ध, आत्मनिर्भर नगरपालिका बनाउने ध्येयका साथ नगरवासिहरुको सर्वोपरी हित सम्मुन्नतिका लागि तयार पारिएको आर्थिक बर्ष २०७८/०७९ को लागि लिईएका प्रमुख नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।

विश्वव्यापी महामारीको रुपमा देखिएको कोभिड-१९ का कारण प्रभावित विकासलाई गति दिई संघीय तथा प्रदेश सरकारले अवलम्बन गर्ने नीति अनुरुप हुने गरी कोरोना भाइरसको सङ्क्रमण रोकथाम, नियन्त्रण, प्रतिकार्य र उपचारलाई प्रभावकारी बनाउँदै रोजगारी गुमाएका तथा बेरोजगार व्यक्तिलाई लक्षित गदै कोभिड-१९ को असर न्यून गर्नेगरि रोजगारीका अवसर बढाउने तथा कृषिक्षेत्रको उत्पादन र उत्पादकत्व वढाई आम जनताको जीवनस्तरमा सुधार गर्ने कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम लक्षित गरिएको छ ।

## मुलभुत नीति

३१. नगर क्षेत्रभित्र विकासका गतिविधिहरु संचालन गर्दा कार्यतालिका सहितको कार्ययोजना निर्माण गरी कार्यन्वयन गरीनुका साथै सम्पादित कामको लागत परिमाण, समय र गुणस्तरमा ध्यान दिइने छ ।

३२. बजेट विनियोजन गर्दा जनसंख्या, भौगोलिक अवस्था र न्यूनतम आधारभुत आवश्यकतालाई प्रथामिकता दिदै बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्दै महामारिको कारण रोजगारी गुमाएका नगरवासिलाई रोजगार मुलक तालिम र क्षमता विकासका कार्यक्रम संचालन गरी आत्मनिर्भर बन्न अभिप्रेरित गरिनेछ ।

३३. सामाजिक न्याय, सामाजिक समानता, उपलब्ध स्रोत साधनको प्रभावकारी वितरण, विकासको न्यायोचित वितरण, सामाजिक सुरक्षा जस्ता विषयमा विशेष ध्यान दिई कार्यक्रमहरु निर्धारण र सञ्चालन गरिनेछ ।

३४. नगरपालिकाबाट प्रबाह हुने सेवालाई गुणस्तरिय र सेवाग्राहीमैत्रि बनाउन प्रविधिमा आधारित सेवा प्रवाहको व्यवस्था मिलाउदै सेवाग्राही हरुको गुनासो तथा उजुरीहरुलाई सम्बोधन गर्दै मुस्कान सहितको "Treat with smile" सेवा प्रवाह गर्न कर्मचारिहरुलाई अभिप्रेरित गरिनेछ ।

३५. आयोजना संचालन गर्दा अत्यावश्यक अवस्थामा बाहेक ठुला मेसीनरी औजारहरुको प्रयोगमा निरुसाहित गर्दै श्रम र सिपमुलक योजना कार्यन्वयनमा जोड दिई स्थानीय समुदायलाई अधिकाधिक लाभ पुग्ने, रोजगारी श्रृजना हुने, वास्तविक लागत सहभागिता जुट्ने प्रकृतिका योजना तथा कार्यक्रमको कार्यन्वयमा जोड दिईनेछ ।

३६. नगर क्षेत्रभित्र दिगो फोहोरमैला व्यवस्थापन गरी स्वच्छ र सफा नगरको रुपमा विकास गर्दै पर्यापर्यटन सम्वन्धि कार्यक्रमहरु तय गरी कार्यान्वयन गरिनेछ ।

३७. स्थानीय बालीलाई संरक्षण र कृषि उत्पादनलाई जोड दिई कृषिको आधुनीकीकरण र व्यवसायीकीकरण गर्दे कृषिमा आत्मनिर्भर बनाउने तर्फ जोड दिनुका साथै गुणस्तरीय फलफुल उत्पादन र प्रमाणीकरण गर्न आवश्यक पहल गरिनेछ ।

३८. नगरपालिकाका सवै वडाहरुको समानुपातिक विकासको सुनिश्चितताको लागि एक वडा एक नमुना गाउँको अवधारणालाई लागु गरिनेछ ।

३९. नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने लक्षित वर्गका लागि विषेश कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दै महिला, जेष्ठनागरीक तथा फरक क्षमता भएका व्याक्तिहरुलाई सशक्त वनाउनको लागि सिपमुलक तथा आयआर्जनका कार्यक्रमहरुलाई निरन्तरता दिईनुका साथै वालवालिका, अपांग तथा जेष्ठ नागरीक मैत्री संरचनाहरुको निर्माण गरिने छ ।

## स्वास्थ्य सेवा

४०. कोभिड-१९ लगायतका महामारीको सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि आवश्यक रकम विनियोजन गरि महामारीको बहुआयामिक प्रभावलाई न्यूनिकरण गर्ने खालका कार्यक्रममा केन्द्रित गरिनेछ ।

४१. नगरपालिकामा रहेका स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्रहरुमा औषधि तथा स्वास्थ्य उपकरणको अभाव हुन नदिई त्यस्ता संस्थाबाट प्रदान गरिदै आएको स्वास्थ्य सेवा थप गुणस्तरीय बनाउँदै विपन्न, सिमान्तकृत तथा पछाडि परेका समुदायहरुमा आवश्यकताका आधारमा स्वास्थ्यसेवाको विस्तार गर्न बाँसगढी नगरपालिकाको नगर स्वास्थ्य नीति र नगर स्वास्थ्य ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ ।

४२. यस बाँसगढी नगरपालिकामा विषेशज्ञ सेवा सहित थप सेवामुखी, श्रोत साधनयूक्त, दक्ष चिकित्सक र स्वास्थ्य सामग्री व्यवस्था गरी माइनर अपरेशन सेवाको सुरुवात, आकस्मिक स्वास्थ्य सेवा, प्रयोगशाला सेवा, सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवा, बहिरंग र अन्तरंग सेवा संचालन गर्दै नागरिकको स्वास्थ्य सेवा र औषधोपचार कार्यलाई थप प्रभावकारी बनाउन २५ शैयाको नगर अस्पताल विस्तृत अध्ययन प्रतिवेदन बमोजिम २ वर्षभित्र भित्र सम्पन्न गर्ने गरी संचालन गरिनेछ ।

४३. बाँसगढी स्थित सर्पदंश उपचार केन्द्र सेवा संचालनको लागि संघीय सरकार तथा प्रदेश सरकारको सहकार्यमा पर्याप्त औषधि, उपकरण तथा जनशक्ति व्यवस्थालाई निरन्तरता दिईनेछ ।

४४. नेपाल सरकारको समन्वयमा सबै नगरवासीहरुलाई स्वास्थ्य बिमा कार्यक्रममा संलग्न गराउने पहललाई निरन्तरता दिँदै स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिनेछ ।

४५. असहाय, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य स्थिति सबल राख्न, जीवनस्तर परिवर्तन गर्न तथा क्षमता अभिबृद्धि गर्न संरक्षणात्मक सेवामा जोड दिनुका साथै ८४ वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई घरमा नै स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

४६. संघिय सरकारबाट प्राप्त शसर्त कार्यक्रम र बजेटसँग तालमेल हुने गरी स्वास्थ्यका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन थप बजेटको व्यवस्था गरी सर्बब्यापी पहुँचको अवधारणा अनुसार नगरपालिका वासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चितता गदै आवश्यकताको आधारमा घुम्ति स्वास्थ्य सेवा क्लिनिक संचालन गर्ने व्यवस्था मिलाईने छ ।

४७. स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका कार्यहरु थप प्रभावकारी वनाइनुका साथै स्वास्थ्य संस्थाको नियमित अनुगमन गरी स्वास्थ्यकर्मीको मनोवल बढाउने तथा स्वास्थ्य क्षेत्र शुसासन कायम गर्ने कार्यलाइ प्राथमिकता दिइनुका साथै आधारभुत स्वास्थ्य केन्द्रका स्वास्थ्य

संस्था संचालन तथा व्यवस्थापन समितिहरुको जिम्मेवारीलाइ थप सुदृढ तथा प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।

४८. स्वास्थ्य सुचना प्रणाली तथा आपुर्ति व्यवस्थापनलाई थप व्यवस्थित गर्न सम्पुर्ण स्वास्थ्य संस्थाहरु वाटै अनलाइन माध्यमबाट प्रतिवेदन प्रविष्ट गर्ने व्यवस्था मिलाइनुका साथै तथ्याकंको गुणस्तर सुधारको लागि तथ्याकं लेजाजोखा (RDQA) र समिक्षा कार्यलाइ थप व्यवस्थित बनाइने छ ।

४९. स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढाइ मातृ तथा नवशिशु स्वास्थ्य र पोषण स्थितीमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई थप प्रोत्साहनको व्यवस्थालाइ निरन्तरता दिइनुका साथै सुरक्षीत मातृत्व तथा परिवार नियोजन कार्यक्रमलाइ अझबढी सुदृढीकरण गर्दै लैजानका लागि मातृ तथा नवजात शिशु तथा परिवार नियोजन योजना (MNCH/FP)को छुट्टै समिक्षा गर्ने व्यवस्था मिलाइने छ ।

५०. विगत वर्षदेखि सञ्चालित जेष्ठ नागरिक, ५ वर्ष मुनिका बालबालीकाहरु र महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई उपलब्ध गराउदै आएको नि:शुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिई थप व्यवस्थित बनाउँदै महिला स्वास्थ्य स्वयं सेविकाको सेवालाई थप प्रभावकारी वनाउन प्रोत्साहनका लागि आवश्यक व्यवस्था गरिने छ ।

५१. विद्यालयमा विद्यार्थीको नियमित स्वास्थ्य जाँच गर्ने व्यवस्था गर्न संघिय सरकारको समन्वयमा विद्यालय नर्सिङ्ग कार्यक्रमको विस्तार गरि किशोर किशोरीहरुलाई उचित परामर्शको व्यवस्था गरिने छ ।

५२. मेयर संग जेष्ठ नागरिक कार्यक्रम संचालन गरी उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम, कलेजो, मिर्गौला लगाएतका नसर्ने रोगको पहिचान परीक्षण र उपचारका कार्यक्रमहरु प्रदेश तथा संघिय सरकारसँग समन्वय गरी थप प्रभावकारी बनाइने छ। निशुल्क औषधि समेत बितरण गरिनेछ ।

५३. नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुर्व्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्र्न प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

५४. सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबद्दनात्मक,उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्याउने रणनीति अबलम्बन गरिने छ ।

५५. नगरपालिका भित्र सेवा प्रवाह गरिरहेका निजी स्वास्थ्य संस्थाहरुको सेवालाई नियमन तथा अनुगमन कार्यलाई निरन्तरता दिई गुणस्तरिय स्वास्थ्य सेवा संचालनका लागि थप प्रभावकारी बनाईनेछ ।

५६. यस नगरपालिकामा रहेको क्इक सेन्टरलाई नगरपालिकामा समाहित गराई तहाँबाट प्रदान गर्ने स्वास्थ्य सेवालाई चिकित्सकिय सेवाको रुपमा व्यवस्था गर्दै नगर स्तरिय रेफरल सेन्टरको रुपमा विस्तार गरिनेछ ।

## शिक्षा

५७. नगरपालिका क्षेत्र भित्रका विपन्न, अपांग तथा असहाय बालबालिकाहरुलाई उच्च प्राथमिकताका दिदै छात्रवृत्ति लगायत अन्य सकारात्मक शैक्षिक वातावरण सृजना गरी शैक्षिक गुणस्तर सुधारलाई कार्यक्रमलाई निरन्तरता दिँदै गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई अध्ययनका लागि **नगर प्रमुख छात्रवृति कार्यक्रमको** निरन्तरता तथा अक्षय कोषको स्थापना गरिने नीति अवलम्वन गरिनेछ ।

५८. **"दक्ष शिक्षक नियमित विद्यार्थी ; प्रभावकारी शिक्षण गुणस्तरीय सिकाई "**का साथ सुचकहरु निर्धारण गरी लक्ष्य हासिल गर्न विद्यालयको शैक्षिक वातावरण, शिक्षक र विद्यार्थीको उपस्थिति, अन्तरविद्यालय परीक्षा केन्द्र र परीक्षण पद्दति जस्ता विधि अवलम्बन गरिनेछ । साथै शिक्षकको क्षमता विकासमा सघाउ पु्याउने खालका कार्यक्रम संचालनमा विशेष जोड दिइनेछ ।

५९. समुदायस्तरमा रहेका बालविकास केन्द्रहरुको स्तरोन्नति गरी वडास्तरबाटै नमूनायोग्य कार्य गर्न प्रोत्साहित गरीनुका साथै बालविकास केन्द्रमा कार्यरत सहजकर्ताहरुको योगदानलाई उचित मूल्याङ्कन गरि प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ ।

६०. यस नगरक्षेत्र भित्रका विद्यालयहरुमा शिक्षक दरबन्दी मिलान गरी विद्यार्थी संख्या न्युन भएका विद्यालयहरुलाई भौगोलिक अवस्थिति र भौतिक पूर्वाधारहरुको आँकलन गरि एक आपसमा स्थानान्तरण वा गाभ्ने नीति अवलम्बन गरिनेछ ।

६१. विद्यालय शिक्षाको आधार प्रारम्भिक कक्षाहरुलाई बालमैत्री बनाउन छापामय कक्षाकोठा, तालिम प्राप्त शिक्षक र आधारभुत शैक्षिक सामग्रीहरुको व्यवस्था मिलाइने कार्यलाई निरन्तरता दिईनेछ ।

६२. शैक्षिक अनुदानको कार्यक्रमलाई विद्यार्थी शिक्षक अनुपात, कार्य सम्पादन र विद्यालय सुधार योजना आदिका माध्यमबाट न्यायोचित ढंगले सम्बोधन गरिनुका साथै प्राविधिक विषय संचालन गर्न विद्यालयहरुलाई प्रोत्साहन दिइनेछ ।

६३. कोभिड-१९ को कारण पठनपाठनमा सिर्जना भएको अवरोधलाई दृष्टिगत गरि वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाई सहजीकरणका लागि यथोचित पहल गरिनुका साथै सामुदायिक तथा संस्थागत विद्यालयका बिच देखिएको उपलब्धिको खाडललाई कम गर्न सिकाई हस्तारण कार्यक्रमलाई अगाडी बढाइनेछ । सामुदायिक बिद्यालयलमा अङ्ग्रेजी भाषावाट पठन पाठन गर्ने क्रियाकलापहरुको शूरुवात गर्न प्रोत्साहन गरिनेछ ।

६४. विद्यालयको भौतिक पूर्वाधार सहित विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाााला, खेलमैदान र खेलकुद सामाग्री तथा विद्यालय हाताको वातावरणको समयानुकूल विकास गरी हरित विद्यालय अभियानका लागि बगैंचा विकास कार्यक्रमलाई निरन्तरता दिँदै सिकाईका साथै प्रयोगात्मक अभ्यासको केन्द्रका रुपमा स्थापित गर्न सम्बन्धित पक्षहरुसँग समन्वय गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

६५. आधारभूत तह सम्मको शिक्षा पूर्ण रुपमा निशुल्क प्रदान गर्ने हाम्रो नीति अनुरुप निजी स्रोतका शिक्षकहरुको व्यवस्थापनका लागि विद्यार्थी संख्याका आधारमा आवि तह तथा अन्य कक्षाको हकमा पनि नगर शिक्षकको व्यवस्था लाइ निरन्तरता दिईनेछ ।

६६. विद्यालयलाई लागत सहभागिताका आधारमा पूर्ण सरसफाइयुक्त, सौन्दर्यकेन्द्र र उत्पादन केन्द्र तथा रङगीन विद्यालय बनाउने नमूना कार्यलाइ निरन्तरता दिँदैमा व्यवहारिक शिक्षा दिने नीति अवलम्वन गरिने छ ।

६७.प्राविधिक शिक्षामा जोड दिनुका साथै संचालन भएका ६ वटा विद्यालयमा आवाशिय शिक्षाको रुपमा विकास गरिनेछ साथै परम्परागत संस्कतिको संरक्षण तथा पूर्वज्ञानको खोज गरी उपयोगी क्षेत्रमा प्रयोग गर्ने कार्यमा विद्यालयको भूमिकालाई अग्रणी तुल्याइने छ ।

६८. नगरपालिकाद्धारा विद्यालयगत रुपमा शिक्षक तथा विद्यार्थीको शिक्षण सिकाइको निरन्तर मूल्याङ्कन गर्ने पद्धतिको विकास गर्दै विद्यार्थीको शारीरिक, मानसिक तथा बौद्धिक विकासका साथै राष्ट्रिय भाव जागृत गराउने गरी अतिरिक्त क्रियाकलाप र क्षमता विकासका कार्यक्रम संचालन गरिने छ ।

६९. खेलकुद क्षेत्रको विकासद्धारा नगरपालिकाको आफ्नै पहिचान स्थापित गर्न युवा तथा विद्यार्थीहरुका लागि प्रतियोगितात्मक खेलकुद कार्यक्रमहरुको आयोजनालाई निरन्तरता दिईनेछ ।

७०. आगामी आर्थिक वर्षवाट संचालित +2 विज्ञान संकायमा अध्ययनरत विद्यार्थीलाई थप प्रोत्साहन सहित ज्ञान बृद्धिको व्यबस्था मिलाईनेछ ।

७१.संघ र प्रदेशको कार्यक्रमबाट नमूनाका लागि छनौट भएका विद्यालय बाहेक बाँसगढी नगरपालिकाको आफ्नै कार्यक्रम अन्तर्गत नमूना विद्यालय विकास कार्यक्रमलाई प्रारम्भ गरिने छ ।

७२. शिक्षक तथा कर्मचारीहरुलाई योगदानका आधारमा थप प्रोत्साहित गर्ने नीति अवलम्वन गर्दै शैक्षिक सुधारका लागि सबैको सहभागितामा आधारित अनुगमन र अन्तरविद्यालय अनुगमन प्रणालीको प्रभावकारी रुपमा थालनी गरिने छ ।

७३.पालिकागत परीक्षा प्रणालीको विकास गरिनुका साथै यस आर्थिक वर्षलाई शैक्षिक सुधार वर्षका रुपमा अघि बढाइने छ ।

७४. अति विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई थप शैक्षिक सामाग्री उपलब्ध गराइनेकार्यलाई निरन्तरता दिईनेछ ।

७५. नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत विद्यालय व्यवस्थापन समिति, शिक्षक,अभिभावक र विद्यार्थीहरुका बीचमा कार्यसम्पादन करारको कार्यलाई कार्यान्वयनमा ल्याइने छ ।

७६.संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाको साझेदारीमा प्राविधिक धार संचालन भएका विद्यालयलाई प्राथमिकतामा राखी कक्षा कोठा लगायत पुर्वाधारहरु निर्माण गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

७७. विद्यार्थीको दिवा खाजा सम्बन्धी केन्द्रीय मापदण्ड अनुरुप भए नभएको अनुगमन गरिने तथा त्यसबाहेकका अतिविपन्न तथा लक्षित वर्गका लागि कक्षा ८ सम्म पालिकाको खाजा कार्यक्रम सुरुवात गरिने छ ।

७८. शिक्षा क्षेत्रमा योगदान दिने महानुभावहरुको स्मरण तथा सम्मान गर्ने तथा स्थानीय पेशा व्यवसायमा संलग्न व्यक्तिहरुलाई व्यवसायिक शिक्षामा संलग्नता गराइने छ ।

७९. बाँसगढी नगरपालिकाको शैक्षिक विकासका आगामी आर्थिक वर्षमा शैक्षिक भौतिक तथा व्यवस्थापन पक्ष समेटिएको ५ वर्षे शैक्षिक योजना निर्माण गरि सोहि अनुरुप शिक्षा क्षेत्रमा थप सुधारका कार्यक्रम संचालन गरिनेछ ।

८०. बाँसगढी नगरपालिकामा संचालित विद्यालयहरुमा कक्षा १ ५ सम्म यसै शैक्षिक सत्रदेखि र आगामी शैक्षिक सत्रमा थप कक्षामा स्थानीय पाठ्यक्रम अध्ययन कार्यको थालनी गरिनुका साथै समग्र विद्यालयहरुको यथार्थता तथा शैक्षिक स्थिति झल्किने स्थिति पत्र तयार गरिने छ ।

८१. शिक्षाक्षेत्रमा अनिवार्य रुपमा न्युनतम प्रविधिको प्रयोग गर्ने नीतिको अवलम्वन गरी हरेक विद्यालयमा कम्तीमा एउटा कम्प्युटर र प्रिन्टरको व्यवस्थापन लाई निरन्तरता दिँदै यस वर्षदेखि कार्यलयमा हस्तलिखित कागजात प्रयोजनको अन्त्य गर्ने नीति क्रमशः लागु गरिनेछ ।

८२. सबै विद्यालयमा यसै आवभित्र इन्टरनेटको सुविधा विस्तार गरी निर्विकल्प अवस्था बाहेक नगरपालिकामा प्र अ तथा शिक्षकको भौतिक उपस्थिति कम गरी सुचना प्रविधि अपनाउने प्रणालीको व्यवस्था गरिनेछ यसका लागि वित्तीय अवस्था कमजोर भएका विद्यालयहरुको पहिचान गरि इन्टरनेट महशुल खर्चको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

८३. हरेक मावि विद्यालयमा अध्धयनरत उच्च कक्षा तथा नेतृत्वदायी भूमिकामा रहेका ३ जना विद्यार्थीहरुको सहभागितामा **म बनाउछु मेरो विद्यालय** भन्ने भावना जागृत गराउने कार्यक्रमको विस्तार गरिनेछ ।

८४. शैक्षिक तथा भौतिक पक्षको विस्तार तथा विकासका लागि विद्यालयको प्रस्ताव सहितको माग तथा शिक्षा शाखाको नेतृत्वमा अनुगमन गरी वास्तविक आवश्यकताको क्रमिकताका आधारमा अनुदान उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

८५. विद्यालयको शैक्षिक समग्रतामा आधारित शैक्षिक प्रदर्शनी तथा मेला कार्यक्रमको आयोजना गरिनेछ ।

## कृषि तथा पशु

८६. कृषिको बैज्ञानिकीकरण तथा ब्यावसायीकरण गर्दै निर्वाहमूलक कृषिलाई उत्पादनमुखी बनाउन नगरपालिका भित्रका ४ मुख्य क्षेत्रहरुलाई विशेष सम्भावना बोकेको क्षेत्रको रुपमा पहिचान गरी **कृषि पर्यटनमा आधारित अर्गानिक कृषि उत्पादन** (तरकारी, मसिना धान, च्याउ मौरीपालन) कृषि शिक्षा प्रवर्द्धन क्षेत्र बनाई कार्यक्रम सञ्चालन गरिनेछ।

८७. कोभिड-१९ का कारण रोजगार गुमेका तथा बेरोजगार युवा जनशक्तिलाई कृषिमा आर्कषित गर्न व्यवसायिक रुपमा पशुपन्छीपालन, मौरीपालन, मत्स्यपालन, जडीबुटी खेती, मसलाजन्य र नगदेबाली खेती गर्नेलाई प्रोत्साहित गर्दै कृषि बाली बिमा तथा बाली संरक्षणको नीति अवलम्वन गरिनेछ।

८८. व्यवसायिक कृषि गर्ने किसानहरुको लागि कृषि प्राविधिक तालिम, च्याउ खेती, बेमौसमी नगदेबाली, माटो परीक्षणलगायतका तालिमहरु संचालन गरि मौसम अनुसार किसानहरुलाई धान, गहु, आलुका उन्नत बीउ वितरणलाई निरन्तरता दिईनुका साथै कम्पोष्ट मल, गड्यौला मल बनाउन आवश्यक तालिम सहित अनुदानका कार्यक्रम संचालन गरिनेछ ।

८९. प्रदेश सरकारले सञ्चालन गरेको **एक स्थानीय तह एक उत्पादन कार्यक्रम र एक पालिका एक शीतभण्डार योजना** अन्तर्गत स्थानीय जनताको सहभागितामा सहकारी शीत भण्डार स्थापना र सञ्चालनका लागि सहकार्य गरिनेछ ।

९०. कृषकहरुको क्षमता विकासका साथै लागत सहभागितामा आधारित अनुदान कार्यक्रमलाई विश्वसनीय र प्रभावकारी रुपमा जोड दिदैं सम्मानजनक पेशाको रुपमा कृषिमा आकर्षण गर्नका लागी युवालक्षित मागमा आधारित कार्यक्रम संचालनगरि नगर स्तरीय सर्वोकृष्ट र उत्कृष्ट कृषक छनौट गरी पुरस्कार सहित सम्मान गरिने छ ।

९१. कृषि उपजको गुणस्तरीय उत्पादनदेखि उपभोक्तासम्म पुग्दाको मूल्य श्रंखलामा आउने अवरोधलाई कम गर्न कृषक समुह, उद्यमीहरु तथा सहकारीलाई वित्तीय तथा प्राविधिक सहयोग लाई निरन्तरता दिईनेछ ।

९२. कृषिलाई व्यबसायीकरण गर्न न्युन लागतमा अधिक उत्पादन गर्न यान्त्रिकिकरणमा जोड दिँदै कृषिक्षेमा प्रयोग भइरहेको रसायनिक विषादीलाई न्यूनिकरण गर्न कृषक तथा सहकारीको माध्यमबाट जैविक विषादी तथा जैविक मल उत्पादनलाई सहयोग तथा अनुदान प्रदान गरि आर्गनिक उत्पादनमा सहयोग कार्यलाई निरन्तरता दिईनेछ ।

९३.कृषि उत्पादनको लागि गुणस्तरीय सामाग्रीहरु र कृषियन्त्र तथा औजार, अन्नत बिउ बिजन, उन्नत प्रविधिको विकास र विस्तारमा उच्च प्राथमिकता दिइनेछ । कृषि उत्पादन सामाग्रीहरु समयमानै आपूर्तिको व्यवस्था मिलाउँदै अनुदानलाई थप विस्तार गरि निरन्तरता दिईने छ ।

९४. कृषकहरुलाई दक्ष बनाउन कृषि तालिम, भकारो सुधार तथा स्थाई प्लाष्टिक टनेलको व्यवस्था, नगर स्तरीय कृषि हाटबजार तथा संकलन केन्द्र व्यबस्थापन गर्न नियमित माटो परीक्षण कार्यक्रमको लागी आवश्यक बजेटलाई निरन्तरतन दिँदै विषादी, रोग, किरा, बिउबिजन तथा माटो परिक्षण प्रयोगशाला निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

९५. विशेष सम्भावना भएका कृषि बाली र तुरुन्तै आम्दानी लिन सकिने लसुन, प्याज, मुसुरो जस्ता नगदेबालीमा उत्पादनदेखि बजारीकरणसम्मका मिसन कार्यक्रम कार्यान्वयनका साथै, कृषिको व्यावसायीकरणका लागि निजी तथा सहकारी क्षेत्रसँगको साझेदारीमा स्रोत केन्द्र र कृषि फर्म स्थापना कार्यक्रम संचालन गरिनेछ । भण्डारणबाट क्षति न्युनिकरण गर्न आलु, प्याज उत्पादन गरि भण्डारण गरेका कृषकहरुलाइ अनुदानका कार्यक्रम समाबेश गरिने छ ।

९६. कृषिसेवा कम पुगेको स्थानहरुमा आवश्यकता अनुसार वालि उपचार सिबिर सञ्चालन गर्दै आकस्मिक बालि संरक्षण सेवा प्रवाह गरिने छ ।

९७. बाँसगढी नगरपालिकाभित्र कृषि क्षेत्रमा काम गर्ने एग्रोभेट, एग्रो सेन्टर, कृषि फार्म आदी लाई सुचिकृत गर्नुका साथै अनुगमन गरि गुणस्तरीय सेवाका लागि आवश्यक व्यवस्था मिलाइनेछ । कृषि बिकास शाखाबाट संचालित सम्पुर्ण कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्नाको लागी अनुगमनको व्यवस्था गरिने छ ।

९८. बाँसगढी नरपालिकाकाको आर्थिक सहयोगमा सञ्चालन गरिएको कृषि बिमा कार्यलाई निरन्तरता दिदै अझ प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

९९. कृषकहरुलाइ सहुलियत मुल्यमा रासायनिक मल उपलब्ध गराउन ढुवानिको लागी बजेट व्यवस्था गरिने छ ।

१००. नगरपालिका भित्रका सबै पशुपंन्छीमा बिभिन्न किसिमका रोग निदान , उपचार तथा गोबर परिक्षण गरिने कार्यक्रमलाई निरन्तरता दिदै सेवालाई सहज एवम् थप प्रभावकारी वनाउन

बेलवा, देउडाकला र मोतीपुरमा पशु सेवा केन्द्रको स्थापना गरि पशु सेवा शाखाको सेवा लाई बिस्तार गरिनेछ ।

१०१. बाँसगढी नरपालिकाकाको आर्थिक सहयोगमा सञ्चालन गरिएको पशु बिमा कायक्रर्मलाई निरन्तरता दिँदै प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

१०२. कृषकहरुको पशुधनको संरक्षणकालागि महत्वपुर्ण रहेको पशु सुत्केरी पोषण भत्तालाई अनुदान कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

१०३. पशुर्पक्षिको सुरक्षा तथा गुणस्तरीय मासु तथा दुग्धजन्य उत्पादनका लागि नगरपालिका भित्रका सबै पशुपंन्छीमा बिभिन्न किसिमका खोप लगाउने कार्यक्रमलाई निरन्तरता दिँदै घरपालुवा पशुपन्छीका लागि संक्रामक रोग बिरुद्ध खोप कार्यक्रम सञ्चालन गरी क्रमशः पूर्ण पशुपन्छी खोपयुक्त नगरपालिका घोषणा गरिनेछ ।

१०४. हिउदे , बर्षे घांसको बिउ ,भूई घांस तथा डाले घांसको क्षेत्र बिस्तार गरि घांसमा आधारित पशु पालन व्यवसायमा जोड दिन घाँसमा आधारित पशुपालन गर्न पशुपालक कृषकहरु समयमानै घाँसको बिउ वितरण तथा सिँचाई सुविधा लाई निरन्तरता दिईनेछ ।

१०५. प्रति के जी खसि बोका बिक्रीमा दिदै आएको रु २० अनुदानलाई निरन्तरता दिदै व्यवसायीक पशुवालनमा कृषकलाई उत्प्रेरीत गरिनेछ ।

१०६. माछा पालन लाई व्यवसायिक वनाउनका लागि मत्स्य पालक कृषकहरुलाई माछाका भूरामा दिँदै आएको ५० प्रतिशत अनुदानलाई निरन्तरता दिईनेछ ।

१०७. पशुपालनलाई आधुनिक वनाउदै विविधिकरण गर्न पशु कृतिम गर्भाधान तथा नश्ल सुधार कार्यलाई निरन्तरता दिँदै कृषकलाई लाभ हासिल गर्नको लागि कृत्रिम गर्भाधान बिस्तार गर्नुका साथै प्रबिधिकहरुको क्षमता बिकास गर्न तालिमको व्यवस्था मिलाईनेछ ।

१०८. पशुजन्य पदार्थहरुको उत्पादन, प्रशोधन र बजारीकरणको लागि उपयुक्त नीति अवलम्वन गर्दै कृषिजन्य वस्तुको गुणस्तर नियमन गर्न आवश्यक कानूनी तथा अन्य व्यवस्थालाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

१०९. बाली, पशुपन्छी तथा मत्स्य पकेटक्षेत्र बिस्तारका लागि **"एक वडा, एक नमुना व्यवसायिक कृषि कार्यक्रम"** सञ्चालनको नीति लाई निरन्तरता दिईनेछ ।

११०. पोषण तथा खाद्य सुरक्षालाई प्राथमिकता दिन बहुक्षेत्रीय पोषण कार्यक्रम क्षेत्र विस्तार गर्दै प्रभावकारि रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

## सहकारी

१११. बाँसगढी नगर क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको संख्यालाई कम गर्दै गुणस्तरीय सहकारी सेवाका लागि एकिकरणको नीति लिईनेछ । एकिकरण तथा मर्ज हुन चाहने दुई वा दुई भन्दा बढी समान प्रकृतिका सहकारी संस्थाहरुलाई एकिकरण पश्चात नीति निर्माणमा सहयोग र व्यवस्थापकीय अनुदान प्रदान गर्ने नीति लिईनेछ ।

११२. सहकारी संस्थामा कार्यरत कर्मचारीहरुलाई लेखापालन र सहकारी तथा गरिबी निवारण सूचना प्रणाली (COPOMIS) सम्बन्धी तालिम प्रदान गरी सहकारी संस्थालाई सूचना प्रविधि मैत्री बनाईनेछ ।

११३. सहकारी संस्थाहरुसँगको लागत साझेदारीमा कार्यक्रम संचालन गर्ने कार्यलाई निरन्तरता दिँदै बाँसगढी नगरपालिकालाई प्लाष्टिकमुक्त नगरपालिका बनाउने गत वर्ष देखिको अभियानमा कोभिड १९ का कारण उत्पन्न अवरोधलाई हटाउँदै सहकारी संस्थालाई जैविक झोला उत्पादन गरी विक्री वितरण गर्न लागत साझेदारीमा अनुदान प्रदान गर्ने नीति अवलम्बन गरिनेछ ।

११४. रोजगारीको सिर्जना गरी गरिवी निवारणमा योगदान पुर्याउने उद्देश्य अनुरुप लघु उद्यम संचालन गर्न सहकारी संस्थालाई प्रोत्साहन गर्ने नीति अंगिकार गरिनेछ । सहकारीका माध्यमबाट कम मूल्यमा गुणस्तरीय अत्यावश्यक सामानहरुको आपूर्तिका लागि सहकारी सुपथ मूल्य पसललाई वित्तीय अनुदान सहयोग प्रदान गरिनेछ ।स्थानीय उत्पादनलाई बजारीकरण गर्न ढुवानीमा अनुदानको ब्यबस्था गरिनेछ ।

११५. राष्ट्रिय अर्थतन्त्रको संवाहकका रुपमा रहेको सहकारी क्षेत्रलाई सीप र आय आर्जनमा आधारित बनाउन तथा उत्पादनशील क्षेत्रहरुमा लगानी गर्नका लागि क्रियाशील गराउनुका साथै प्रतिफलका आधारमा उत्पादनमूखी कार्यक्रम सञ्चालनका लागि लागत सहभागितामा आधारित अनुदान कार्यलाई निरन्तरता दिइनेछ ।

११६. सहकारी संघ संस्थाहरुको संचालन प्रक्रियालाई व्यवस्थित, गुणस्तरीय र पारदर्शी बनाउदै सहकारी क्षेत्रको विकास प्रर्वद्धनका लागि तालिम, क्षमता विकास, अनुगमन तथा नियमनमा विशेष जोड दिइनेछ। स्थानीय उत्पादन वृद्धि, रोजगारी सिर्जना, सामुहिक हित र आर्थिक उपार्जन गर्न सहकारी क्षेत्रको प्रवद्धन गरिनेछ।

११७. सहकारीको माध्यम वाट पुँजिको अधिकतम परिचालन गरी सो पुँजिलाई उत्पादनमा केन्द्रित गरिनेछ। वास्तविक सेवा प्रयोग कर्तामा सहकारीको सदस्यता विस्तार गर्ने नीति व्यवहारमा उतार्नुको साथै सहकारी शिक्षा, सूचना र तालिममा आम नागरिकको पहुँच सुनिश्चित गरिनेछ ।

११८. सहकारी संस्थाहरुलाई कृषि, दुग्ध, माछापालन जस्ता कम खर्चमा बढि फाइदा दिने उत्पादनमूलक कार्यमा लक्षीत हुन जोड दिइनुका साथै सहकारीमा बचत गराई उद्यमीलाई सहज तरिकाले कर्जा उपलब्ध गराउन प्रोत्साहित गरिनेछ।

११९. स्थानिय स्रोत र कच्चा पदार्थ, सीप श्रम र प्रविधिको उपयोग गर्ने गरी उद्योग प्रवर्द्धन गर्न विशेष जोड दिइनेछ। साथै लगानी मैत्री तथा प्रतिस्पर्धी औद्योगिक वातावरण बनाई औद्योगिक वस्तुको उत्पादन र रोजगारीका अवसरहरु अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

## भुमि व्यवस्थापन

१२०. स्थानीय निर्वाचन २०७४ का बखत प्रतिबद्धता गरिए अनुरुप बाँसगढी नगरपालिकामा कम्तिमा विगत १० वर्षदेखि जोत भोग गर्दै आएका पूर्जाविहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई यसै आर्थिक वर्षमा जग्गाधनी पूर्जा प्रदान गरिनेछ ।

१२१. नगरबासीहरुलाई जग्गा खरिद बिक्री तथा ऋण प्रयोजनका लागि रोक्का फुकुवा गर्दा भूमिसुधार तथा मालपोत कार्यालयमा गई घन्टौं लाईनमा बस्नुपर्ने र विचौलियालाई रकम बुझाई काम गर्नुपर्ने बाध्यकारी अवस्थाबाट मुक्त हुन प्रविधि मैत्री भू सेवा केन्द्र संचालन गरिनेछ ।

१२२. नगरपालिका भित्रका खाली सार्वजनिक जग्गाको अभिलेखिकरण गरी बिभिन्न जातका बोटबिरुवाहरु बृक्षारोपण गरी दिर्घकालीन संरक्षणको नीति बमोजिम सरकारी र सार्वजनिक प्रकृतिका जग्गाको संरक्षण गर्नुका साथै बाँझो रहेका जग्गाहरुमा वृक्षारोपण तथा फलफुलका विरुवाहरु रोपी हरित नगरका रुपमा विकास गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

१२३. यसै आर्थिक वर्षमा भूमिसुधार तथा मालपोत कार्यालयमा रहेको बाँसगढी नगरपालिकाका जग्गा श्रेस्ताहरुलाई डिजिटलाईज गरी सेवा प्रवाहमा तीव्रता र पारदर्शिता कायम गरिएको छ भने यसलाई थप व्यवस्थित गर्न नगरपालिकाबाटै संचालन हुने भू सेवा केन्द्र र भूमिसुधार तथा मालपोत कार्यालयबीच अनलाईन समन्वय हुने प्रणालीको विकास गरिनेछ ।

१२४. नाप नक्सा हुन बाँकी रहेका जग्गाको डिजिटल सर्भे नापीको लागि सम्बन्धित निकायमा पहल गर्नुको साथै मालपोत कार्यालयबाट प्रदान गरिने सेवालाई नगरपालिकाबाट नै उपलब्ध गराउनका लागि आवश्यक पहल गरिनेछ।

१२५. नगरपालिका भित्र अव्यवस्थित बसोबास गरी बसेका घर धुरी, सरकारी प्रति ऐलानी जग्गाको लगत संकलन, रेखांकन तथा सिमांकन गरिनेछ। सार्वजनिक जग्गाहरुमा भएको अतिक्रमणलाई हटाउन प्रभावकारी क्रियाकलाप सञ्चालन गरिनेछ।

## धर्म, संस्कृती तथा पर्यटन प्रर्बद्धन

१२६. पर्यटन विकास र प्रवर्द्धनका लागि पर्यटन गुरुयोजना बमोजिम मुख्य मुख्य पर्यटकीय क्षेत्रको विकास, प्रवर्द्धन र प्रचार-प्रसार गरिनेछ। बाँसगढी नगरपालिकामा रहेका पर्यटकिय स्थलहरुको डकुमेन्ट्री तयार गरि पर्यटन प्रवर्द्धन गरिनेछ।

**१२७.** यस क्षेत्रमा रहेका केदारेश्वरधाम क्षेत्र, च्यामा सिमसार क्षेत्र, बबई भ्याली, चटिया ताल, सशिद स्मृती पार्क,बेलौली सिमसार, मदन आश्रीत पार्क, बड्की भवानी मन्दिर लगायतका अन्य ऐतिहासिक तथा धार्मिक महत्व बोकेका स्थान एवं मन्दिर, गुम्वा, धरोहरहरुको संरक्षण, सम्वर्द्धन तथा प्रबर्द्धनात्मक कार्यहरु लाई निरन्तरता दिईनेछ।

१२८. बाँसगढी नगरपालिका क्षेत्रको सांस्कृतिक, ऐतिहासिक र परम्परागत आर्गनिक परिकारको प्रचार प्रसार तथा संरक्षण गर्नका लागि आवास सहितको हामेस्टे सञ्चालन गर्न प्रोत्साहित गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१२९. सामुदायीक विकास, सामाजिक विसंगती न्युनिकरण गर्न र सामाजिक सुचना प्रणाली नगरपालिका सँग समन्वय र सहकार्यमा व्यबस्थित गर्न बढ्घर प्रथालाई जोड्ने उद्देश्यका साथ आवश्यक नीति सहित कार्यक्रम संचालन गरिनेछ ।

१३०. थारु भाषाको प्रयोग तथा विस्तारमा प्राथमिकता दिनुका साथै आदिवासी, जनजाति, दलित, मधेशी, मुस्लिम समुदाय, पिछडावर्गको भाषा, संस्कृति तथा परम्परागत सीपको संरक्षण एवं संवर्द्धन गर्नका लागि पहल गरिनेछ ।

१३१. धार्मिक, ऐतिहासिक तथा पुरातात्विक स्थलहरुको खोज पहिचान, परम्परागत चाडपर्व, जात्रा, मेला, कला संस्कृतिको संरक्षण तथा प्रचार प्रसारका लागि आवश्यक कार्यक्रम निरन्तरता दिईनेछ ।

## भौतिक पुर्वाधार

१३२. नगरपालिकाबाट चालु आर्थिक बर्षमा सुरु भई सम्पन्न हुन नसकेका बहुवर्षिय योजनाहरु सम्पन्न गर्न प्राथमिकता दिइनुका साथै बहुवर्षिय योजनामा आवश्यकता अनुरुप बजेटको व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

१३३. नगरपालिकाको प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न गरिनुका साथै परिसर व्यवस्थापनका लागि ब्यवस्थित पार्किङ, बगैचासहितको पूर्वाधार निर्माण लागि बजेट विनियोजन गरि कार्य अगाडि बढाइने छ । साथै आफ्नै भवनमा संचालित वडा कार्यालय तथा स्वास्थ्य संस्था परिसर ब्यवस्थापनको लागि सुन्दरता र स्वच्छता कायम हुने किसिमका निर्माण गरिनेछ ।

१३४. राष्ट्रिय राजमार्गसँग जोडिएका नगर स्तरीय शहरी सडकहरुको कालापत्रेलाई निरन्तरता दिँदै सडक विस्तार सहितको उच्चस्तरीय स्तारोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनुका साथै ग्रामीण सडकहरु निर्माण तथा मर्मत सम्भार कार्यलाई प्राथमिकता दिइनेछ । बाँसगढी नगरपालिकाको विकासमा कायापलट गरि बहुआयामिक सकारात्मक प्रतिफल दिन सक्ने चक्रपथ निर्माण कार्यलाई थप प्राथमिकताका साथ अगाडि बढाईनेछ ।

१३५. भौतिक पूर्वाधारहरु निर्माण गर्दा स्थानीय स्रोत-साधन तथा जनशक्तिकोउपयोग गरी मौलिकता झल्किने, रोजगारीको अवसर सृजना हुने तथा दिगो विकासमा आधारित पूर्वाधारहरु निर्माणमा जोड दिइनेछ ।

१३६. उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजनाहरुमध्ये सबैभन्दा पहिला कार्य सम्पन्न गरी फरफारक गर्ने वडालाई योजना पुरस्कारको व्यवस्थाको नीति अवलम्वन गरिनेछ । स्वीकृत योजनाहरु खरिद गुरुयोजना बमोजिम निर्धारीत समयमै कार्यान्वयन गरि सम्पन्न गर्ने नीति लिइनेछ ।

१३७. निर्माणाधिन पुल तथा कल्भर्टहरु निर्धारीत समयमै सम्पन्न गर्नुका साथै संघीय साझेदारीमा थप ३ वटा झोलुङ्गे पुलहरु निर्माण गर्नका साथै थप पुल निर्माण गर्नका लागि आवश्यक पहल गरिनेछ ।

१३८. विकास निर्माण कार्य तोकिएको मापदण्ड तथा गुणस्तर बमोजिम हुने कुरालाई सुनिश्चित गर्दै तोकिएको गुणस्तर, परिणाम अनुसारको कार्य समयमै गर्न लगाइनेछ । मापदण्ड विपरित कार्य र भ्रष्टाचारलाई शुन्य सहनशीलताको नीति लागु गरिनेछ ।

१३९. शहरी विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको प्रभावकारी कार्यान्वयन गर्दै सार्वजनिक तथा निजी भवन निर्माण गर्दा भुकम्प प्रतिरोधात्मक तथा राष्ट्रिय भवन संहिताको कार्यान्वयन गर्नुका साथै सार्वजनिक भौतिक संरचनाहरु निर्माण गर्दा अपाङ्गमैत्री संरचना निर्माणमा जोड दिइनेछ ।

१४०. नगरवासीलाई टेलिफोन तथा ईन्टरनेट सुविधाको सहज पहुँचका लागि संचारको टावर तथा क्षमता बृद्धि, नगर क्षेत्र भित्र ल्याण्ड लाइन टेलिफोन सेवा विस्तार र मोबाइल इन्टरनेट सेवाको लागि सबै स्थानमा फोर-जी विस्तार गर्न सम्बन्धित निकायसँग सहकार्य गरी सञ्चारको पहुँचको लागी आवश्यक पहल गरिनेछ ।

१४१. **"एक वडा-एक खेलकुद मैदान निर्माण"** नीति अनुरुप निजी क्षेत्र समेतको सहभागीतामा खेलकुदको विकासका लागि भौतिक पूर्वाधार निर्माण, विकास र विस्तारमा जोड दिई आवश्यक खेल सामाग्री व्यवस्थापन गरिनेछ ।

१४२. नगरपालिकाबाट निर्माण भएका सडकहरुलाई समयानुकुल आवश्यकता अनुसार मर्मत गरि दिगो वनाउनको लागि नगरपालिकामा मर्मत कोष स्थापना गरी उक्त कोषको प्रभावकारी परीचालन गरिनेछ ।

## सरसफाई, वातावरण तथा विपद व्यवस्थापन

१४३. **मेरो फोहर ; मेरो जिम्मेवारी** भन्ने भावना हरेक नगरवासीमा जागृत गराउन फोहरमैला व्यवस्थापन सम्वन्धी कार्यक्रमहरु कार्यान्वयन गर्ने नीति लिइनेछ ।

१४४. शहरि क्षेत्रमा प्रत्येक घर तथा पसलबाट निस्कने फोहोरमैला व्यवस्थापनका लागि आर्थिक ऐन बमोजिम शुल्क निर्धारण गरी फोहोरमैला व्यवस्थापनमा समुदायको संलग्नता अभिवृद्धि गरिनुका साथै फोहोरमैला व्यवस्थापनलाई आय आर्जनको माध्यम संग जोडि फोहोरमैला व्यवस्थापनमा निजि क्षेत्रको संलग्नतालाई बढावा दिईने छ ।

१४५. नगरपालिका भित्र फोहर संकलन गर्दा स्रोतमा नै छुट्याउने गरी नागरिकलाई प्रोत्साहित गरिनुका साथै **Recycle, Reuse and Reduce** को अवधारणालाई व्यवहारमा उतार्न सचेतनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

१४६. नगर बजार क्षेत्रको ढल निकासको उचित व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण गरिनुका साथै निकासलाई व्यवस्थित बनाउनका लागि पहल तथा सहकार्य लाई निरन्तरता दिईनेछ ।

१४७. वातावरण, सरसफाई तथा विपद् व्यवस्थापनका क्षेत्रमा उदाहरणीय कार्य गर्ने ब्यक्ति, संस्था र टोलबिकास संस्थालाई पुरस्कृत गरी प्रोत्साहन गर्ने नीति लिइनेछ ।

**१४८.** दिसाजन्य लेदो व्यवस्थापनको लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको समन्वयमा दिगो तथा बैज्ञानिक व्यवस्थापन गर्न प्रशोधन प्लान्ट (Treatement Plant) निर्माण गर्ने कार्यलाई अघि बढाईनेछ ।

**१४९.** संघीय सरकारसँगको साझेदारीमा फोहोरमैला व्यबस्थापन सम्वन्धि संचालित कार्यक्रमलाई निरन्तरता दिईनुका साथै १८ वटा समुदायलाई गैर सरकारी संघ सँस्थासँगको साझेदारीमा पुर्ण सरसफाई उन्मुख टोल घोषणा गरिनुका साथै वडाहरुलाई समेत क्रमश घोषण गर्दै लगिनेछ ।

**१५०.** नगरका कालापत्रे सडकको किनारा, खोलाको दुवै किनारा, खुला क्षेत्र, मन्दिर पीठ परिसर, बाँसगढी क्षेत्रमा महेन्द्र राजमार्गको मिडियन लगायतका क्षेत्रमा  वृक्षारोपणा गरि स्वच्छ, सुन्दर, सफा र हरियालीयुक्त नगरको विकास गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

**१५१.** ऐतिहासिक, सांस्कृतिक, जैविक ताल, पोखरीहरुको उचित संरक्षण सहित पर्यावरण र वातावरण सन्तुलन राख्न तथा वन सम्पदा संरक्षण प्रवर्द्धन र उपयोग गर्न उपयुक्त हुने वन नीति,वन एन तथा नियमावलि तर्जुमा गर्नुका साथै वन व्यवस्थापन गर्दा खालि वन क्षेत्रमा विपन्न परिवारलाई आयआर्जनका लागि खेतिमा जोड्ने कार्यलाई निरन्तरता दिँदै संरक्षण तथा आर्थिक उर्पाजनलाई सँगसँगै लैजाने नीति अवलम्बन गरिनेछ ।

१५२. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि बिशेष नीति लिइनेछ । नगरपालिकामा स्थापित **आपत्कालिन कार्य संचालन केन्द**लाई आधारभूत स्रोतसाधन सम्पन्न बनाईनेछ

१५३. नगरपालिका स्तरको महामारी, रोग नियन्त्रण तथा विपद् व्यवस्थापन आकस्मिक योजना बनाई कार्यन्वयन गरिने छ । साथै महामारी तथा प्राकृतिक प्रकोपको ब्यवस्थापन गर्न पालिका स्तरमा स्थापित कोषको समुचित परीचालन गरिनेछ ।

१५४. बिपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापनको क्षेत्रमा उत्कृष्ट कार्यसम्पादन गरेका अन्य सरकारी, गैरसरकारी निकायसंग समन्वय तथा सहकार्य गरी समानान्तर सिकाइको अवधारणालाई ब्यवहारमा उतार्दै यसको लागि अन्तर निकाय समन्वयको कार्यलाई बलियो बनाइनेछ ।

१५५. नगरको विपद व्यवस्थापन योजना अनुसार राहत, उद्दार सामग्रीको व्यवस्थापन, विपद् नक्सांकन, प्रकोप व्यवस्थापन कोष परिचालन, आपतकालीन कार्य सञ्चालनका लागि आवश्यक पूर्व तयारी तथा पूर्वाधार व्यवस्थापन गरिनेछ ।

१५६. मध्यवर्ती क्षेत्र तथा राष्ट्रिय निकुञ्जको सिमानामा बसोबास गरेका वासिन्दाहरुको बालीनाली लगायतका अन्य कृषि उत्पादनहरु संरक्षित क्षेत्रबाट आउने जनावरहरुबाट हुने नोक्सानीको रोकथामका लागि बर्दिया राष्ट्रिय निकुञ्जसँग समन्वय गरी क्षतिपूर्तिका व्यवस्था एवंम् क्षति न्यूनिकरण गर्ने नीति लिइनेछ ।

## महिला, वालवालिका, ज्येष्ठ नागरीक, अपांगता

१५७. आर्थिक, सामाजिक रुपले पछाडी परेका महिलाहरुको आर्थिक तथा सामाजिक रुपान्तरण तथा विकासका लागी सिपमुलक आयआर्जन मुलक कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

१५८. लक्षित वर्गको कार्यक्रम संचालन गर्दा उत्पादनमुखी,सिपमुलक तथा सचेतनामुलक कार्यक्रममा जोड दिँदै जेष्ठ नागरिक हरुको अनुभव र सिपको संरक्षणका लागी अर्न्तपुस्ता सिप हस्तान्तरण कार्यक्रममा जोड दिईनेछ ।

१५९. बालमैत्री स्थानिय शासनका विभिन्न सुचकका आधारमा वडा न. ६ लाई बालमैत्री वडा घोषणा गर्दै नगरपालिकाको सम्पूर्ण वडाहरु क्तमश बालमैत्री वडा घोषणको पूर्व तयारीका लागी कार्यक्रम संचालन गरिनेछ । साथै बाल क्लव तथा बालसंजालको क्षमता अभिबृद्धि गर्नका लागी संचालित विभिन्न कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१६०. विभिन्न सचेतनामुलक कार्यक्रमहरुको माध्यमबाट मानव वेचविखन,लैङ्गिक हिंसा ,जातिय छुवाछुत लगायत, विभेद न्युनीकरणमा जोड दिईने कार्यलाई निरन्तरता दिईनेछ ।

१६१. सामाजिक संघ सस्थाहरुको सहकार्यमा बसोबासको उचित प्रबन्ध नभएका तथा घरवाट निकालिएका अपहेलित, असहाय जेष्ठ नागरिक, हिंसापिडित महिला बालबालिका तथा पिडित वर्गहरुको संरक्षणको लागी स्थानीय तहमा महिला तथा बालबालिका लागि आश्रय केन्द्र संचालन गर्न पहल गरिनेछ ।

१६२. सबै प्रकारका अपागंता भएका व्यक्ति हरुका आयआर्जन नेतृत्व विकास र सहायक सामाग्रीहरु उपलब्ध गराउने सम्बन्धि ठोस कार्यक्रमहरु संचालनगरि उनीहरुको क्षमताविकास र आत्मनिर्भरताको प्रर्वद्धन गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१६३. महिला बालबालिका अपागंता भएका व्यक्ती,जेष्ठ नागरिक तथा यौनीक तथा लैङ्गिक अल्पसंख्यकको तथ्यांक संकलन तथा अद्यावधिक गरि सोही तथ्यांकको आधारमा आवश्यकता बमोजिम कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

१६४. लैगिंक हिंसा निवारण कोष, बालसंरक्षण कोष, एकलमहिला सुरक्षाकोष लाई निरन्तरता दिँदै कोषहरुको समुचित परीचालन मार्फत प्रतक्ष लाभका कार्यक्रम संचालन गरिनेछ ।

१६५. लैंगिक विभेदको अन्त्य गर्न, आर्थिक अभावका कारण छोरीहरुलाई आधारभुत शिक्षावाट वंचित हुन नदिनको लागि विपन्न परिवारलाई **एक छोरी एक बैंक खाता** अभियान संचालन गर्ने नीति लिईनेछ ।

१६६. समुदायमा नमुना काम गरि सफल भएका महिला समुह,सहकारी हरुलाई अनुदानका मार्फत थप कार्यक्रमहरु संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१६७. **महिला तथा किशोरीसँग उपप्रमुख नजिक कार्यक्रम** गरि समाजमा रहेका कुरीति, कुप्रथा,हिंसा, दुर्व्यवहार विरुद्ध सचेतनामुलक कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।

१६८. महिलाको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि सिप विकास तथा व्यक्तित्व विकासका कार्यक्रमहरु संचालन गरी स्थानीय व्यवसायी महिलाद्धारा उत्पादित व्यवसायिक उत्पादनलाई राष्ट्रिय स्तरको वजारमा पहिचान गराउने  तर्फ विशेष जोड दिइनेछ ।

१६९. अपाङ्गमैत्री भौतिक संरचना तयारमा जोड दिदैं मध्यम अपाङ्गता भएका व्यक्तिहरुका लागि रोजगारका अवसर सिर्जना गर्ने खालका व्यवसायिक तथा सिपमुलक कार्यक्रममा सहभागी गराई आत्मनिर्भर वनाउने कार्यलाई निरन्तरता दिईनेछ ।

१७०. लघुउद्यम विकास कार्यक्रम अर्न्तगत उद्यमशीलताको विकास गर्न उत्पादनमूखी, सीपमूलक तथा आयमूलक कार्यक्रम सञ्चालन गरी महिला, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, लोपोन्मुख जाति तथा पछाडी परेका वर्ग र समुदायको क्षमता विकास गरी स्वरोजगारी सृजना गर्ने नीति बमोजिम कार्यक्रम कार्यान्वयन गरिनेछ। मुक्त कमैया, मुक्त कम्लरीका परिवारहरुलाई सीपमूलक एवं् व्यवसायिक तालिम प्रदान गरी उत्पादनमूखी बनाउन जोड दिइनेछ ।

१७१. **हाम्रा बालबालिका ; राम्रा बालबालिका**को मान्यतालाई स्थापित गदैं यस नगरलाई बालमैत्री नगरका रुपमा घोषणा गरिनेछ । साथै बाल विवाह, वालश्रम अन्त्य गरी बालबालिका माथि हुनसक्ने हिंसा, शोषण, दुर्व्यवहार रोकी बालबालिकाको मानसिक, शारीरिक तथा सामाजिक विकासमा सहयोग पुर्‍याउने कार्यक्रममा जोड दिईनेछ ।

## राजश्व प्रशासन

१७२. बाँसगढी नगरपालिकाको आन्तरिक श्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करको दायरा बिस्तार, र राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइनेछ ।

१७३. नगरपालिकाको आन्तरिक आयलाई सुदृढ गर्न करका दरहरुलाई समसामायिक पुनराकलोकन गर्दै वढि भन्दा बढि करदातालाई करको दायरामा ल्याई कराधार विस्तार गर्ने नीति अवलम्वन गरिने छ ।

१७४. बाँसगढी नगरपालिकाले प्रवाह गर्ने सेवासँग सम्पत्ती कर, भुमीकर, बहालकर, ब्यवसाय कर र विज्ञापन कर लाई छुट्टा छुट्टै तर एकिकृत रुपमा आबद्ध गरिनेछ ।

१७५. करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउँदै समग्र राजस्व प्रशासनलाई करदाता मैत्री बनाइने छ । कर तथा गैरकर राजस्व अनुगमन कार्यलाई कडाइका साथ लागू गर्न विशेष अनुगमन टोली गठन गरी परिचालन गरिनेछ । राजस्व असूली कार्यमा विभिन्न निकायहरु र उधोग वाणिज्य संघ संग समन्वय तथा सहकार्य गरी प्रत्येक वडास्तरमा कर शिक्षा अभियान संचालन गरी  राजस्व परिचालनमा अभिवृद्धि गरिनेछ ।

१७६. बांसगढी नगरपालिकाका सवै प्रकारका कर असुलीलाई प्रभावकारी बनाउन आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागू गरिनेछ । बहाल करलाई प्रभावकारी बनाउनका लागि बहालमा दिने र लिनेबिच सम्झौता तथा ईच्छापत्र/मञ्जुरीनामा अनिवार्य गरी सम्वन्धित वडा कार्यालयवाट प्रमाणित गर्नुपर्ने व्यवस्था लागू गरिनेछ ।

१७७. सबै किसिमका पेशा व्यवसाय सञ्चालनको दर्ता, नवीकरण गर्ने कार्य छिटो, छरितो, सरल र पारदर्शी बनाई करको दायरा अभिवृद्धि गर्न सघन अनुगमन गरिनेछ । कर परिचालनलाई प्रभावकारी बनाउनका लागि सम्वन्धित राजश्व शाखाका कर्मचारीलाई प्रोत्साहन गरिनेछ ।

१७८. राजश्व संकलनमा कम्प्यूटराइज्ड प्रणाली अवलम्वन गर्दै सर्म्पूण वडाकार्यालयवाट नै राजश्व संकलनको व्यवस्थालाई थप सुदृढिकरण र सवलीकरण गरी सक्षम र पारदर्शी करप्रशासन निर्माण गरिनेछ ।

१७९. कोभिड १९ महामारीले निम्त्याएको असहज परिस्थितिलाई मध्यनजर गदैं नगरपालिकाले लिदै आएको विभिन्न शिर्षकका करको दरमा छुट गर्न पहल गरिनेछ ।

१८०. आन्तरिक आय बृद्धिको लागि व्यवसाय कर संकलनलाई निरन्तरता दिनुका साथै घर भाडा, सवारी साधनको लगत तयार गरी करको दायरामा ल्याई नेपाल सरकारका राजस्व संकलन गर्ने निकायहरुसँग सूचना प्रवाह र समन्वयात्मक रुपमा कार्य गरी आन्तरिक स्रोतको प्रबर्द्धन गरिनेछ

१८१. नगरपालिकाको आन्तरिक राजश्वलाई सुदृढ गर्न करका दायराहरु बढाई कर सप्ताह, घरदैलो अभियान लगायतका राजश्व अभिबृद्धि गर्ने कार्यक्रमहरु संचालन गरिनेछ । साथै नगरपालिका बाट संचालन हुने कार्यक्रमहरुमा कर तिर्ने व्यक्ति तथा संघसंस्थालाई मात्र सहभागी गराइने नीति लिईनेछ ।

१८२. **कर तिरौ ; नगर विकासमा योगदान गरौ** भन्ने भावना नगरवासीमा जागृत गराइनेछ र सवै भन्दा बढी कर तिर्ने करदातालाई सम्मानको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## सुचना प्रविधि

१८३. स्थानीय तहका सवै वडा कार्यालयहरुमा यस अघिनै इन्टरनेट जडान गरिसकिएकोमा यस आर्थिक बर्षमा सवै स्वास्थ्य केन्द्र तथा सामुदायिक बिद्यालयहरुमा इन्टरनेट बिस्तार गर्ने कार्यलाइ निरन्तरता दिँदै सवै बिद्यालयमा ईन्टरनेटको सेवाको पहुँच पुर्याइने छ ।

१८४. आगामि बर्ष भित्रमा सवै नागरिकहरुलाई बायोमेट्रीक सूचना र पृथक पहिचान नम्बर सहितको राष्ट्रिय परिचय पत्र वितरण गर्न संघीय सरकार सँग सहकार्य गरिने छ । नागरीकका सवै प्रकारका वैयक्तिक विवरणलाई राष्ट्रिय परिचय पत्रमा समाविष्ट गरी यसलाई सामाजिक सुरक्षा सहित सवै सार्वजनिक सेवा प्रवाहका लागि आवश्यक सूचनाको आधार बनाईने छ ।

१८५. नगरपालिका अन्तर्गतका सवै सामुदायिक बिद्यालहरुको व्यवस्थापन डिजिटल माध्यमवाट गर्ने व्यवस्था गरिने छ । सवै बिद्यालयलाई जानकारी, सूचना, नतिजा, अभिलेख व्यवस्थापन गर्न Web Portal को व्यवस्था गरिसकिएको छ यसको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक तालिमको व्यवस्था गरिने छ ।

१८६. अपांग परिचय पत्र, जेष्ठ नागरिक परिचय पत्र क्यु आर कोड सहितको डिजिटल माध्यमवाट स्मार्ट कार्ड बितरण गरिने कार्य प्रारम्भ गरिसकिएकोमा यसलाइ थप व्यबस्थित गराइदै लगिनेछ ।

१८७. नगरपालिकाले प्रदान गर्ने सेवाहरुमा सूचना प्रविधिको प्रयोगलाई प्राथामिकतामा राखि पूर्ण Digitalization, नगरका विभिन्न स्थानमा Free Wi-Fi Zone को व्यवस्था ICT तथा IoT (Internet Of Things) को प्रयोगलाई विस्तार गर्दै अन्य स्थानमा समेत र सामुदायिक विद्यालयहरुमा इन्टरनेटको पँहुच पुर्याउने कार्यलाई निरन्तरता दिईनेछ ।

१८८. सवै वडा कार्यालयमा डिजिटल बडापत्र को व्यवस्था गरिने छ । सवैखाले घटना दर्ता डिजिटल माध्यमबाट गरि पुराना अभिलेखहरुलाई समेत चुस्त दुरुस्त राख्न घटना दर्ताका पुराना अभिलेखलाई डिजिटाईजेसन कार्य भईसकेको हुँदा पुराना नागरिकका पुराना अभिलेख खोज्नु पर्ने बाध्यताको अत्यन्त गरिने छ ।

१८९. सेवाग्राहीहरुलाई सहज तथा मितव्यी रुपमा प्रभावकारी एवम् गुणस्तरीय सेवा उपलब्ध गराउन नगरपालिका तथा मातहतका कार्यालयहरुमा अटोमेसन प्रणाली स्वचालित लागु छ ।

## सार्वजनिक प्रशासन तथा सुशासन

१९०. डिजिटल बोर्ड मार्फत नगरपालिकाको सूचना प्रवाहमा सरलता ल्याईनुका साथै डिजिटल नागरिक वडापत्रको सुरुवात गरी मोबाइल एप्लिकेशन वाटै गुनासो र उजुरी लिने व्यवस्था मिलाई निरन्तरता दिँदै समस्याहरु सामधान गर्न सक्ने व्यवस्था मिलाईने छ ।

१९१. जनगुनासो व्यवस्थापन गर्न र जनतासमक्ष प्रत्यक्ष सरोकार राख्ने विषयहरुको जानकारी उपलब्ध गराउनका लागि वडा कार्यालयहरुमा समेत निःशुल्क टोल फ्रि नम्बरको व्यवस्था मिलाइनेछ ।

१९२. सूचना माग्ने र पाउने आम नागरीकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभुति गर्न नगरपालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्यमवाट सहज र सर्वसुलभ रुपमा रुपमा प्राप्त गर्ने सार्वजनिक व्यवस्था मिलाईने छ ।

१९३. प्रविधिमैत्री कार्यसम्पादनमा जोड दिन आवश्यक प्राविधिक तालिम, प्रशिक्षण तथा उपकरणहरुको व्यवस्थापनमा जोड दिँदै कर्मचारीहरुलाई संघीय सरकार, प्रदेश सरकारले प्रदान गरेका सेवा, सुविधाका साथ उच्च मनोवल सहित कार्यगर्ने वातावरण तयार गरी उचित प्रोत्साहन गर्दै उनिहरुको क्षमता विकास, अनुशासन तथा वृत्ति विकासमा जोड दिदैं कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धि र उत्प्रेरित बनाइनेछ ।

१९४. सार्वजनिक सेवालाई शीघ्र, सरल, मितव्ययी र सबैको पहुँचमा पुऱ्याउने तथा सार्वजनिक सेवा प्रवाहलाई स्वच्छ, निष्पक्ष पारदर्शी र सेवाग्राहीमैत्री बनाइनेछ । साथै सेवाग्राहीमैत्री पूर्वाधार र सेवामा तल्लिन राष्ट्रसेवक तयार गर्न थप नियम तथा कार्यविधि बनाई लागू गरिनेछ ।

१९५. नेपाल सरकारले अवलम्वन गरको भ्रष्टाचार र लैंगिक हिंसा विरुद्ध शुन्य सहनसिलता नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१९६. वित्तीय पारदर्शिता तथा सुशासनका लागि नगरपालिका केन्द्र, विषयगत शाखा तथा वडा कार्यालय, स्वास्थ्य संस्था तथा विभिन्न संघ संस्थाबाट संचालन गरिने सवै प्रकृतिका कार्यक्रमहरु, बैठक, गोष्ठी, सभा लगायतका कार्यक्रममा संचालन खर्च कार्यक्रम पूर्व र यथार्थ खर्च कार्यक्रम समापन भएपछि अनिवार्य रुपले सार्वजनिक गरिनेछ ।

१९७. सार्वजनिक खरिदलाई पारदर्शी, प्रतिस्पर्धी र मितव्ययी बनाई खरिद सुशासन कायम गर्न स्थानीय सार्वजनिक खरिद नियमावली जारी गरी आर्थिक चुस्तता कायम गरिनेछ ।

१९८. न्यायिक अधिकारको सन्तुलित प्रयोगका साथै मेलमिलापको सिद्धान्तमा आधारित न्याय निरुपण गर्न न्यायिक समिति तथा प्रत्येक वडामा रहेका सामाजिक मेलमिलाप सहजकर्ताहरुको क्षमता विकास कार्यक्रमहरु संचालन गरिनेछ ।

१९९. उपभोक्ताहरुको स्वास्थ्यलाई ध्यानमा राखी अनगमनलाई निरन्तरता दिईनेछ । स्वास्थ्यलाई हानी पुऱ्याउने, कुनै व्यवसायीले निहित स्वाथ पेरा गर्न कानुन विपरीत म्याद नाघेका, गुणस्तरहिन वा अखाद्य पदार्थ मिसाइएका माल सामान, खाद्यान्न वा कुनै उपभोग्य वस्तु विक्रि गर्नेलाई प्रहरी/ प्रशासनको समन्वयमा कानुन बमोजिम कडा कारबाही गरिने छ ।

२००. **संचार मैत्री सरकार र विकासमैत्री संचारको** अवधारणा अनुसार नगरपालिकाका कृषि, वातावरण तथा समावेशी विकासमैत्री सामग्री प्रकाशन, प्रसारणमा एफ.एम.रेडियो, टेलिभिजन, पत्रपत्रिका लगायतका संचार माध्यमसँग सहकार्यमा जोड दिदै स्थानीय संचारकर्मीहरुलाई त्यस्ता सामग्री तयार पार्न प्रोत्साहन दिइने छ ।

२०१. लक्षित कार्यक्रम, क्षमता विकास कार्यक्रम तथा अन्य प्रर्वर्द्धनात्मक कार्यक्रमहरुको प्रभावकारिता वृद्धिका लागि सवै वडामा एकरुपता आउने गरि सम्वन्धित विषयगत शाखा /उपशाखा सँगको समन्वयमा कार्यान्वयन गरिनेछ ।

२०२. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न सिपमुलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिहरुलाई आवश्यक तालिम दिइने छ ।

२०३. संघ तथा प्रदेशले ल्याएको रोजगारमुलक कार्यक्रमहरुमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरी यस नगरपालिकामा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई नगरपालिकावाट संचालन हुने आयोजना कार्यान्वयनमा सुचिकृत वेरोजगार व्यक्तिहरु प्राथमिकता दिँदै न्युनतम रोजगारी प्रदान गर्न नीति लिइनेछ ।

२०४. आन्तरिक रोजगारी सिर्जना गर्न निजी क्षेत्र, सहकारी तथा गैरसरकारी क्षेत्र सँग समन्वय र सहकार्यमा जोड दिदैं कोभिड-१९ का कारण रोजगारी गुमाउनेहरुलाई रोजगारीको व्यवस्था गर्न आवश्यक कदम चालिनेछ ।

**नगर सभा सदस्यज्यूहरु,**

कोभिड-१९ को सङ्क्रमणलाई नियन्त्रण र रोकथाम गरी रोजगारी गुमाएकाहरुलाई आर्थिक उपार्जनको बाटो देखाउदैं सहज दिनचर्या निर्माणमा यो दस्तावेजको भूमिका उल्लेखनीय रहने विश्वास व्यक्त गर्न चाहन्छु । प्रस्तुत नीति तथा कार्यक्रमले **"सुन्दर हरियाली र सफा शहर, समृद्ध र समुन्नत बाँसगढी नगर"** नारालाई व्यवहारमा उतार्न विकासका प्राथमिकता र बजेट तर्जुमाको आधारलाई प्रस्तुत गरेको छ । यसको कार्यान्वयनका लागि प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिई सवैको संयुक्त प्रयास, समन्वय, सहकार्य र अपनत्वबोधबाट प्रस्तुत नीति तथा कार्यक्रम बाँसगढीको विकासमा कोशेढुंगा सावित हुनेछ ।

बाँसगढी नगरपालिकाको समग्र विकासको आधार तय गर्ने यो नीति तथा कार्यक्रम तयार गर्दा सद्भाव र सल्लाह सुझाव दिनुहुने बिषयगत समिति, विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि क्षेत्र, प्राज्ञिक क्षेत्र, संचारकर्मी, नागरिक समाज, अग्रज व्यक्तित्व, स्थानिय सामाजिक संघ संस्था लगायत आम नगरवासीप्रति धन्यवाद ज्ञापन गर्दै हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

**धन्यवाद ।**

मिति २०७८।०३।०९